आज मिति २०८१।०८।०९ गते यस कपुरकोट गाउँ कार्यपालिकाको ११९ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा यसै तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री बिमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री जिवराज खत्री - योजना सहायक

श्री केशरसिंह खडका - का स

CamScanner

**कपुरकोट गाउँपालिकाको मिति २०८१।०८।०९ गतेको ११९ औं गाउँ कार्यपालिका बैठकका कार्यसुचिहरु:**

१. इन्जिनियरको नियुक्ति तथा पदस्थापन सम्बन्धमा ।
२. बिभिन्न कार्यविधि तथा कानुनहरु स्विकृत सम्बन्धमा ।
३. वडा न ६ मा सहायक कम्पुटर अप्रेटर दरबन्दि थप सम्बन्धमा ।
४. भु उपयोग योजना स्विकृत सम्बन्धमा ।
५. ल्यावका सामाग्रीहरु खरिद सम्बन्धमा ।
६. ल्यावका सामाग्रीहरु खरिद सम्बन्धमा ।
७. विविध ।
    - कामकाजमा खटिएका कर्मचारी सम्बन्धमा ।
    - मेलमिलापकर्ताको तालिम संचालन सम्बन्धमा ।.
    - जनप्रतिनिधि र कर्मचारीहरुको क्षमताविकास तालिम सम्बन्धमा ।
    - क्यारेम वोर्ड र लुडो प्रतिबन्ध लगाउने सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

कपुरकोट गाउँपालिकाको मिति २०८१।०८।०९ गतेको ११९ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

१. कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ को दफा १४ मा भएको व्यवस्था बमोजिम कर्णाली प्रदेश लोक सेवा आयोगको मिति २०८१।०८।०७ गतेको सिफारिस पत्रानुसार यस गाउँपालिकाको स्वीकृत रिक्त दरबन्दीमा सिफारिस भई आउनु भएका तपसिल बमोजिमका कर्मचारीहरुको अधिकृत स्तर सातौं तहमा नियुक्ती तथा पदस्थापन गर्ने ।

तपसिल:

| क्र.सं. | कर्मचारीको नामथर | नियुक्ती तथा पदस्थापन गरिएको पद/श्रेणी | सेवा/समुह/पद | कैफियत |
|---|---|---|---|---|
| १ | दिनेश साह | अधिकृतस्तर सातौं | इन्जिनियरिङ /सिभिल समुह/ सिभिल इन्जिनियर | |

२.विध्येक समितिको सिफारिसमा तपशिलका कार्यविधि तथा कानुनहरु स्विकृत गर्ने ।

- अटोरिक्सा तथा टेम्पो संचालन कार्यविधि २०८१
- भवन निर्माण अनुमति कार्यविधि २०८१
- व्यवसाय दर्ता तथा नविकरण कार्यविधि २०८१
- संघ- संस्था दर्ता कार्यविधि २०८१
- संघ,संस्था ,समितिको नमुना विधान
- होमस्टे संचालन कार्यविधि २०८१

३. वडा न ६को कार्यालयमा वडा सचिवको पद पनि पुर्ति हुन नसकेको र कार्यचाप समेत बढि भएकोले हाललाई अर्को व्यवस्था नभएसम्मको लागि सहायक कम्पुटर अप्रेटर(सहायकस्तर चौथो) पद सिर्जना गर्न यस पालिकाको संगठन व्यवस्थापन तथा सर्वेक्षण २०७९ मा संशोधन गरी करारमा सहायक कम्पुटर अप्रेटरको दरबन्दि थप गरि विज्ञापन गर्ने ।

४.यस पालिका र घर इन्जिनियरिङ कन्सल्टेन्सि प्रालि बिचको सम्झौता अनुसार निर्माण भएको भु -वर्गिकरण योजना स्विकृत गरी कित्तागत बिवरण माग गरि नापि बिभागसंग पत्राचार गर्ने।

५. कपुरकोट आधारभुत अस्पतालको लागि आवश्यक ल्यावका सामाग्रीहरु Semi-Automated Biochemistry Analyzer,Hematology Analyzer र Digital Centrifuge को बायोमेडिकल इन्जिनियरबाट तयार पारी पठाएको स्पेसिफिकेसन र लागत अनुमान स्विकृत गरी क्याटलग विधिबाट खरिद गर्ने ।

निर्णय प्रमाणित

२०८१।०८।०९

CS CamScanner

६.यस पालिकामा पदाधिकार भएर अन्य स्थानिय तहहरुमा कामकाजमा खटिएका प्रशासन सेवाका सबै कर्मचारीहरुलाई काज फिर्ता गरिदिन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय सुर्खेत र सम्बन्धित स्थानिय तहहरुलाई पत्राचार गर्ने ।

७.प्रत्येक वडाबाट ३ जनाका दरले योग्यता पुगेका व्यक्ति,सबै वडाअध्यक्ष र न्यायिक समितिका पदाधिकारिहरु लगायत बढिमा ३० जनालाई मेलमिलापकर्ताको तालिम परामर्शदाताबाट रु ५ लाखको बजेट नबढने गरी पुसको पहिलो हप्तासम्म संचालन गर्ने ।

८.जनप्रतिनिधि र कर्मचारीहरुको जिवनशैली, नैतिक आचरण, अनुशासन, जिउने कला, उत्प्रेरणा र प्रशासनिक तथा राजनैतिक संरचनाको काम, कर्तव्य र अधिकार विषयमा क्षमताविकास गर्न परामर्शदाताबाट रु ५ लाख रकम नबढने गरी २ दिने आवासिय तालिम संचालन गर्ने ।

९.यस गाउँपालिकाभित्र अवैध तरिकाले क्यारेम वोर्ड र लुडो खेल खेल्ने खेलाउने कार्यबाट सामाजिक सदभाव र शान्ति सुरक्षामा नकारात्मक असर परेकोले यस्ता कार्यलाई प्रतिबन्ध लगाएर नियन्त्रण गर्न स्थानिय प्रहरी प्रशासनलाई अनुरोध गर्ने ।

१०.गत आर्थिक वर्षको भुक्तानी बाँकिमा राखेको सामुदायिक सुचना केन्द्रको सम्झौता गर्ने गाउँबेशि सुचना केन्द्रले सम्झौता गरि कार्यसमपन्न गरेता पनि सम्झौताका शर्तहरु पुरा गरि हालसम्म पनि भुक्तानी नलिएकोले उक्त सम्झौता रद्द गरि उल्लेखित शिर्षकमा विनियोजित बजेट हिउदेसभाबाट अर्को कामको लागि रकमान्तर गर्ने ।

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत